आ.व. ०७६।०७७

वैठकः- नगर कार्यपालिका वैठक

अध्यक्षताः- नगर प्रमुख अशोक कुमार शाही

वैठक संख्याः-०८/०७६/०७७

मितिः-२०७६।८।२१

स्थानः- ता.न.पा सभाहल

समयः- बिहान ७.३० बजे

तानसेन नगर कार्यपालिकाको वैठक तानसेन नगरपालिकाका नगर प्रमुख श्री अशोक कुमार शाही ज्युको अध्यक्षताम नगर कार्यपालिकाका देहायका पदाधिकारीहरुको उपस्थितिमा वसी निम्नानुसारको निर्णय गरियो ।

## उपस्थिति

| नाम थर | पद | ठेगाना | कार्यपालिका | उपस्थिति |
|---|---|---|---|---|
| श्री अशोक कुमार शाही | नगर प्रमुख | ता.न.पा. २ | अध्यक्ष | |
| श्री लक्ष्मीदेवी पाठक | नगर उपप्रमुख | ता.न.पा. ९ | सदस्य | |
| श्री दामोदर प्रसाद घिमिरे(प्रवक्ता) | वडा अध्यक्ष | ता.न.पा. ११ | सदस्य | |
| श्री रामप्रसाद वस्याल | वडा अध्यक्ष | ता.न.पा १ | सदस्य | |
| श्री ~~खम्म~~प्रसाद रेग्मी (महेश्वर रेग्मी) | का.मु.वडा अध्यक्ष | ता.न.पा २ | सदस्य | |
| श्री महेशलाल शाक्य | वडा अध्यक्ष | ता.न.पा. ३ | सदस्य | |
| श्री राजेन्द्रमुनि शाक्य | वडा अध्यक्ष | ता.न.पा.४ | सदस्य | |
| श्री राम बहादुर रावल | वडा अध्यक्ष | ता.न.पा ५ | सदस्य | |
| श्री सागरमान महर्जन | वडा अध्यक्ष | ता.न.पा.६ | सदस्य | |
| श्री मुक्तिराम जि.सी. | वडा अध्यक्ष | ता.न.पा ७ | सदस्य | |
| श्री रामप्रसाद घिमिरे | वडा अध्यक्ष | ता.न.पा.८ | सदस्य | |
| श्री हरिसुमर रेग्मी | वडा अध्यक्ष | ता.न.पा.९ | सदस्य | |
| श्री लोचनप्रसाद तिमिल्सिना | वडा अध्यक्ष | ता.न.पा.१० | सदस्य | |
| श्री ~~देवेन्द्र~~ बहादुर राना (भोजब. थापा) | वडा अध्यक्ष | ता.न.पा.१२ | सदस्य | |
| श्री टुकप्रसाद भट्टराई | वडा अध्यक्ष | ता.न.पा.१३ | सदस्य | |
| श्री कमल राना | वडा अध्यक्ष | ता.न.पा.१४ | सदस्य | |
| श्री शशी श्रेष्ठ | का.पा. सदस्य | ता.न.पा.१ | सदस्य | — |
| श्री सुनिता श्रेष्ठ वैजु | का.पा. सदस्य | ता.न.पा.३ | सदस्य | — |
| श्री मैयादेवी घिमिरे | का.पा. सदस्य | ता.न.पा.६ | सदस्य | |

Scanned by CamScanner

| | | | |
|---|---|---|---|
| श्री बुद्धिसरा वि.क. | का.पा. सदस्य | ता.न.पा.१० | सदस्य |
| श्री कमला भण्डारी | का.पा. सदस्य | ता.न.पा.१३ | सदस्य |
| श्री दिपक विश्वकर्मा | का.पा. सदस्य | ता.न.पा.५ | सदस्य |
| श्री विमला वौडेल | का.पा. सदस्य | ता.न.पा.८ | सदस्य |
| श्री भीम बहादुर कुमाल | का.पा. सदस्य | ता.न.पा.७ | सदस्य |
| श्री डिल्लीराज बेल्वासे | प्रमुख प्रशासकीय अधिकृत | ता.न.पा | सचिव |

Scanned by CamScanner

**निर्णय नं. १**

(क) तानसेन नगरपालिकाको स्वामित्वमा रहेको वडा नं. ८ माथिल्लो डुम्रेको सामुदायिक भवनमा गेट र कोठा निर्माण गर्न स्थानीय जनसेवा सामुदायिक सहकारी संस्था र तानसेन नगरपालिकाको सहलगानीमा एक एक लाखवाट काम गर्ने गरी ५०/५० शिर्षकवाट रकम विनियोजन गर्ने निर्णय गरियो ।

(ख) माथी (क) मा उल्लेखित भवनको माथिल्लो तलामा जनसेवा सामुदायिक विकास सहकारी संस्थाको कार्यालय रहेको र यस सहकारी संस्थाले उक्त पुरै भवन मासिक रु. १६५०। भाडा तिरी प्रयोग गर्दै आएकोमा यहि मिति २०७६ पौष १ गते देखि उक्त भाडादर परिवर्तन गरी मासिक रु. ३०००। कायम गरी सम्झौता गर्ने निर्णय गरियो ।

**निर्णय नं. २**

तानसेन नगरपालिका वडा नं. १३ छेर्लुङ्ग स्थित सानो वडेर र ठुलो वडेरमा रहेको खानेपानी मुल संरक्षण गर्नका लागि प्रवर्धनात्मक कार्यक्रम अन्तर्गत खानेपानी तथा सरसफाईको दिगो व्यवस्थापन शिर्षकवाट वढिमा रु १ लाख विनियोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३**

तानसेन नगरपालिकावाट तानसेन कालीगण्डकी लिङ्करोड निर्माण गर्न प्रदेश मन्त्रालयको सहलगानी रहने गरी रु.४० लाख विनियोजन भएकोमा लागत अनुमान रु. ३१०२७५५३।५० रहेको, यस आ.व.मा तानसेन नगरपालिकावाट विनियोजन गर्नुपर्ने ६० लाख विनियोजन गरिएको, वाकी रकम आगामी आ.व.मा प्रदेश सरकारवाट विनियोजन नभएको अवस्थामा यस तानसेन नगरपालिकावाट विनियोजन हुनेगरी बहुबर्षिय योजना अन्तर्गत वोलपत्रद्धारा निर्माण प्रकृया अगाडी वढाउन आवस्यक निर्णयको लागि आगामी नगरसभामा प्रस्ताव गर्ने निर्णय गरीयो ।

**निर्णय नं. ४**

तानसेन नगरपालिकाले तानसेन नगरपालिका वडा नं. ५ वनदेवी क्षेत्रमा वसपार्क निर्माण गर्नका लागि वन तथा भू-संरक्षण विभाग बबरमहल काठमाण्डौसंगको सम्झौतामा उल्लेख भए अनुसार वन क्षेत्रको जग्गाको सट्टा जग्गा खरिद गर्ने सम्भौता भएकोले साविक वन्दीपोखरा वडा नं. ५ हाल ता.न.पा वडा नं. ५ मा तानसेन नगरपालिका कार्यालयको नाममा दर्ता कायम भएका जम्मा ३१ कित्तावाट कुल क्षेत्रफल ६१ रोपनी १३ आना ३ पैसा १ दाम जग्गा सट्टा भर्ना गरी नेपाल सरकार वन तथा भुसंरक्षण विभागको नाममा नामसारी गर्ने प्रकृया अगाडी वढिसकेको र वाँकी रहेको जग्गा खोजी गर्न, छनौट गर्न र सो को आवस्यक थप कार्य सम्पादन गर्न देहायको समिति गठन गर्ने निर्णय गरियो ।

| | | |
|---|---|---|
| १. श्री लक्ष्मी देवी पाठक | उप प्रमुख | संयोजक |
| २. श्री दामोदर प्रसाद घिमिरे | प्रवक्ता | सदस्य |
| ३ श्री मुक्तिराम जि.सी | वडा अध्यक्ष ७ | सदस्य |
| ४ श्री वुद्धिसरा सुनार | का.पा.स | सदस्य |
| ५ श्री राम बहादुर रावल | वडा अध्यक्ष ५ | सदस्य |
| ६ श्री दुर्गा वहादुर थापा | व.अ. | सदस्य सचिव |

**निर्णय नं. ५**

ता.न.पा. वडा नं. ७ कुसुनडाडामा हरियाली पार्क निर्माण गर्न डिभिजन वन कार्यालय पाल्पावाट रु.५ लाख विनियोजन भएको र उक्त पार्क निर्माण गर्न तानसेन नगरपालिकाको तर्फवाट म्याचिङ्ग गर्नुपर्ने रकम रु. ५ लाख ता.न.पा को प्रवर्धनात्मक कार्यक्रमको Green Tansen Clean Tansen कार्यक्रमवाट रकम विनियोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६**

तानसेन नगरपालिका वडा नं. १ स्थित हातेमालो टोल विकास संस्थाले खानेपानी लिफ्टीङ्ग योजनाको लागि तारवार गर्न सहयोग माग गरेकोले उक्त तारवार गर्नका लागि ल.ई तयार गरी प्रकृया अगाडी वढाउने र नगर प्रवर्धनात्मक कार्यक्रमको वन वातावरण तथा विपद् व्यवस्थापनको व.सी नं. ३३ वाट खर्च गर्ने र खर्च अनुभोदनको लागि आगामी वैठकमा पेश गर्ने निर्णय गरियो ।

Scanned by CamScanner

**निर्णय नं. ७**

तानसेन नगरपालिका वडा नं. १४ अर्गलीमा व्याडमिन्टन कोर्ट निर्माण गर्न सहयोग माग भएकोमा प्रवर्धनात्कम क्षेत्र अन्तर्गत स्वास्थ्यका लागि खेलकुद कार्यक्रम शिर्षकवाट रु. १,००,०००। विनियोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ८**

तानसेन नगरपालिकाको स्वामित्वमा रहेको ता.न.पा वडा नं. ४ मखनटोलमा रहेका सपिङ्ग कम्प्लेक्स भवन लामो समय देखि मर्मत विहिन अवस्थामा रहेकोले उक्त भवन मर्मत गर्नका लागि लगत स्टीमेट तयार गरी आगामी वैठकमा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. ९**

तानसेन नगरपालिका वडा नं. १२ स्थित सार्वजनिक प्राथमिक विद्यालयमा सिडी निर्माण गर्नका लागि सहयोग माग भई आएकोले उक्त सिडी निर्माण गर्न शशर्त कार्यक्रम तर्फको विद्यालय भौतिक पूर्वाधार निर्माण कार्यक्रमवाट रु. १,००,०००। विनियोजन गर्ने निर्णय गरीयो ।

**निर्णय नं. १०**

तानसेन नगरपालिका वडा नं. ७ बाँसटारी घुम्तीमा चौडा गरिएको वाटोमा ग्राभेल गर्न वजेट विनियोजनको लागि माग भई आएकोले उक्त योजनाको लागि मागमा आधारित भौतिक पूर्वाधार विकास कार्यक्रम शिर्षकवाट वढीमा रु.१,००,०००। विनियोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ११**

तानसेन नगरपालिका वडा नं.१० मण्डली मा.वि.मा कक्षा भवनको लागि जस्तापाता माग भई आएकोले उक्त विद्यालयलाई शशर्त कार्यक्रम तर्फको विद्यालय भौतिक पूर्वाधार निर्माण कार्यक्रमवाट रु.५० हजार ट्रष्ट निर्माण र ५(पाँच) वण्डल जस्तापाता उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. १२**

तानसेन नगरपालिका वडा नं. २ स्थित श्री देववाणी संस्कुत तथा साधारण मा.वि.ले जग्गा उपलव्ध गराईदिन माग गरेकोमा उपर्युक्त जग्गा एकिन गर्नका लागि निर्णय नं. ४ मा गठित समितिले कार्यगर्ने गरी जिम्मेवारी दिने निर्णय गरियो ।

**निर्णय नं. १३**

नेपाल वार एशोसिएसन मानव अधिकार राष्ट्रिय गोष्ठीका लागि सहयोग माग भएकोमा उक्त कार्यक्रमका लागि हितकारी कोष शिर्षकवाट रु. २५,०००। सहयोग गर्ने निर्णय गरियो ।

**निर्णय नं. १४**

जिल्ला व्याडमिन्टन संघ पाल्पाको तर्फवाट विराटनगरमा सम्पन्न भएको राष्ट्रिय स्तरको व्याडमिन्टन प्रतियोगिता खेलमा प्रथम स्थान हासिल गरी पाल्पाको गरीमा वढाएका स्थानीय खेलाडी महेश मान शाक्यलाई हौसला वापत सम्मान पत्र र प्रोत्साहन स्वरुप रु. १५,०००। सहयोग उपलब्ध गराउने निर्णय गरीयो ।

**निर्णय नं. १५**

कृषि तथा पशु उद्यमशिलता विकास गर्ने हेतुले तानसेन नगरपालिकाले साझेदारी कार्यक्रम अन्तर्गत हेफर प्रोजेक्ट नेपालसंग मिति २०७६ मंसिर १९ गते गरिएको सम्झौतालाई अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं. १६**

तानसेन नगरपालिकाले गार्वेज कम्प्याक्टर गाडी खरीद गर्दा लाग्ने कर छुटको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, काठमाण्डौलाई अनुरोध गर्ने निर्णय गरीयो ।

Scanned by CamScanner

**निर्णय नं. १७**

तानसेन नगरपालिकाको हाल क्षेत्र विस्तार भएको अवस्थामा नगरको समग्र सडकको स्थिति, अवस्था विश्लेषण गर्न आवस्यकता पहिचान गर्न र कार्यान्वयनमा ल्याउनका लागि नगर यातायात गुरुयोजना (Municipal Transport Master Plan) निर्माण गर्न आवस्यकता रहेकोले MTMP को प्रकृया अगाडी वढाउने निर्णय गरीयो साथै सो कार्यका लागि द एशिया फाउण्डेसनसंग सहयोगको लागि अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं. १८**

तानसेन नगरपालिकाको बस्ती विकास, शहरी योजना, भवन निर्माण सम्वन्धी मापदण्ड वनाई कार्यान्वयनमा ल्याउन आवस्यक रहकोले उक्त मापदण्ड र संहिताको मस्यौदा तयारी र सो को अन्तिम रुप दिनका लागि पूर्वाधार विकास समितिले १५ दिन भित्र मस्यौदा तयार गरी कार्यपालिकामा पेश गर्ने निर्णय गरीयो ।

**निर्णय नं. १९**

तानसेन नगरपालिकाको आ.व. ०७५।०७६ मा सम्झौता भएको तर भुक्तानी हुन वाकी रहेको साथै काटीएको चेक साट्न ढिला भएको प्रभास खा.पा.आयोजनाको निर्माण कार्यको निरिक्षण पश्चात भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं. २०**

तानसेन नगरपालिकामा संचालन हुने प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत कामका लागि पारिश्रमिकमा आधारित सम्बन्धित वडाहरु बाट आएका **अनुसूची १** मा संलग्न आयोजनाहरु स्वीकृत गर्ने निर्णय गरियो साथै उक्त कार्यक्रमको **अनुसूची** २ मा सम्लग्न नगर स्तरीय योजनो स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. २१**

तानसेन नगरपालिकामा रहेको पुरानो बा १ झ ४५०२ नं. को जीप हाल चालु अवस्थामा नरहेको मर्मत पनि हुन नसक्ने भएको धेरै पुरानो भएको हुँदा उक्त जिप लिलाम प्रकृया अगाडी वढाउने, यसैगरी ता.न.पा.मा रहेको JCB मर्मत गर्नको लागि आवस्यक प्रकृया अगाडी वढाउने निर्णय गरीयो ।

**निर्णय नं. २२**

तानसेन नगरलाई सफा र स्वस्थ राख्नको लागि प्रदेश सरकार भौतिक पूर्वाधार विकास मन्त्रालय प्रदेश नं ५ बुटवलसंग सम्झौता गरी उक्त कामलाई प्रभावकारी वनाउन खानेपानी सरसफाई तथा स्वच्छता समिति गठन गर्ने निर्णय गरियो ।

(क) सम्झौतामा उल्लेख भएको कार्यक्रम संचालन गर्न लाग्ने वजेट सरसफाईको शिर्षकवाट विनियोजन गर्ने समेत निर्णय गरियो ।

(ख) समिति गठन सम्बन्धमा निर्देशिकामा तोकिए बमोजिम हुने गरि नगर प्रमुखलाई अधिकार दिने निर्णय गरियो ।

**निर्णय नं. २३**

तानसेन नगरपालिका वडा नं. ४ वाट वडा नं. २ जाने छिडीको वाटो विस्तार प्रयोजनको लागि न.पा.ले घर खरिद गरेकोमा कि.नं. ८६ मा वनेको उक्त घर भत्काई वाटो चौडा गर्ने निर्णय गरीयो, साथै सोको लागि आवस्यक पर्ने वजेट मर्मत सम्भार कोषवाट खर्चगर्ने निर्णय गरियो ।

**निर्णय नं. २४**

तानसेन नगरपालिका स्थित सित्तलपाटी वरपर देखि एन आई सी एसिया वैंक रहेको भवन अगाडी सम्म वाटोमा ढुंगा छाप्ने (Stone Paving) कार्यका लागि आ.व. ०७५।०७६ मा ठेक्कावाट काम शुरु गरेको तर निर्माण व्यवसायीको लापर्वाहीका कारण हालसम्म कुनै काम अगाडी वढ्न नसकेकोले उक्त निर्माणव्यवसायीलाई Liquidity Damage ( LD) लगाउने र शर्त अनुसार काम नगरेको हुँदा थप कार्वाही प्रकृया अगाडी वढाउनको लागि गृह मन्त्रालयमा लेखी पठाउने निर्णय गरीयो ।

**निर्णय नं. २५**

तानसेन नगरपालिकाले आर्थिक मामिला तथा योजना मन्त्रालय प्रदेश नं. ५ संग देहाएको आयोजना संचालन गर्नको लागि विशेष अनुदान रकम माग गर्ने निर्णय गरियो ।

Scanned by CamScanner

(क) तानसेन रिगंरोड स्तरोन्नती कार्य रु ५०,००,०००।
(ख) वडा नं. १ भुसल डाँडा मा.वि. रु. १०,००,०००।
(ग) वडा नं. ११ गार्गी मा.वि. रु. १०,००,०००।

**निर्णय नं. २६**

तानसेन नगरपालिका सार्वजनिक निजी साझेदारी इकाई (सानिसा इकाई) को मिति २०७६ साल मंसिर १६ गतेको बैठकबाट पारित मनसाय पत्र मूल्यांकनका सूचकहरु अनुमोदन गर्ने निर्णय गरीयो ।

**निर्णय नं. २७**

तानसेन नगरपालिका वडा नं. ८ पिपलडाडा स्थित मिना गाहाको घर छेउको खानेपानी टंकीको छत ढलान गर्न मर्मत संभार कोष बाट वढीमा रु २५,०००। विनियोजन गर्ने निर्णय गरियो

**निर्णय नं. २८**

आधारभुत स्वास्थ्य केन्द्र निमार्णका सम्बन्धमा अध्ययन गरी प्रतिवेदन सहित आगामी वैठकमा छलफल गर्ने निर्णय गरियो ।

**निर्णय नं. २९**

कालीगण्डकी नदिको अर्तुंगा बगर, सपलक बगर, सिदुर्दीघाट र वेलघारीघाटको नदीजन्य पदार्थ व्यवस्थापनको लागि राजश्व शाखाबाट प्रस्तुत कार्यक्रमको थप अध्ययन र परिमार्जन गरी अमानतबाट कार्य अगाडी वढाउने निर्णय गरियो ।

**निर्णय नं. ३०**

नक्सा पास सम्बन्धमा गठित समितिले पेश गरेको प्रतिवेदनको आधारमा निम्नानुसार हुनेगरी निर्णय गरियो ।

(क) २०७२ को भुकम्प जानुपूर्व प्रविधिक प्रतिवेदनका आधारमा स्वीकृत नक्सा अनुरुप तला थप गरीएको र निर्माण सम्पन्न रोकिएकालाई पुनश्चः वडाको सिफारिसमा निर्माण स्वीकृत प्रदान गर्ने ।

(ख) साविक गा.वि.स. हाल ता.न.पा.मा रहेका भवनहरुलाई पुन सूचना प्रकाशित गरि सुचीकृत प्रकृयामा ल्याउने ।

(ग) पुराना भवनमा न.पा.ले सार्वजनिक गरेको लाइट ट्रसको डिजाइनमा ट्रस राख्न स्वीकृत प्रदान गन ।

घ) नेपाली कलात्मक शैलीका भवनहरुको मोहडा अनुरुप राजश्वमा विशेष छुट दिने ।

ङ) नक्शा पेश गरेको तर स्वीकृती नलिएको घर नक्शाहरुलाई पून वडाको रोहवरमा प्राविधीक प्रतिवेदनको आधारमा जरिवाना लिई, स्वीकृती दिने ।

च) Retrofitting लगायत भवन आचार संहिता र मापदण्डको वारेमा Training संचालन गर्न न.पा.को नक्शा शाखाले प्रकृया अगाडी वढाउने ।

छ) पास भएका नक्सा भन्दा फरक ढङ्गवाट वनाईएका र सम्पन्न प्रमाणपत्र रोकीएका भवनहरुलाई Structural Design मा हेरफेर नगरेको भए नक्सा शंसोधन गरी निर्माण सम्पन्न प्रमाण पत्र प्रदान गरिने ।

**निर्णय नं. ३१**

वसपार्क लहरेपिपल वतासेडाडा डेलिकेटेड रोड वीचमा टेवा पर्खाल लगाउनका लागि विनियोजित रकम रु. १ करोडवाट स्वीकृत ल.ई रु. २० लाख विनियोजन हुनेगरी सम्झौता प्रकृया अगाडी वढाउने निर्णय गरियो ।

उल्लेखित निर्णयहरु पश्चात नगर प्रमुख अशोक कुमार शाहीज्यूबाट सधन्यवाद बैठक समापन गर्नु भयो ।

Scanned by CamScanner